# बन्दिपुर गाउँपालिका

## कार्यपालिका बैठक माइन्युट

| मितिः २०८२।११।१४<br>बिहिबार | बैठक संख्याः १२ (आर्थिक वर्ष २०८२।०८३) |
|---|---|
| अध्यक्षता | श्री सुरेन्द्र बहादुर थापा, गाउँपालिका अध्यक्ष |

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | कार्यवाहक रबि श्रेष्ठ | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | उमा |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | मिनराम परियार |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | कमल बहादुर के.सी. | सदस्य-सचिव | |

**एजेन्डाहरू:**

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा। |
| २. | अटो ३ (तिन) पाङ्ग्रे सवारी साधन बारे। |
| ३. | प्रदेश विशेष र समपुरक योजना माग बारे। |
| ४. | साना सिचाई बारे। |
| ५. | नयाँ तरकारी पकेट क्षेत्र बारे। |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | |
|---|---|
| ६. | शिघ्र स्वास्थ्य लाभ को कामना। |
| ७. | फागुन १५ गते मगर दिवसमा सार्वजनिक बिदा सम्बन्धमा । |
| ८. | नमुना मा.वि. पवित्रा मा.वि. को शैक्षिक कार्यक्रम बारे। |
| ९. | मध्य पहाडी मकै वाली प्रबर्धन बारे। |
| १०. | सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य हुनुपूर्व धर्म यस् -काश्यप जे.भी.,कलंकी-१४, काठमाण्डौलाइ छलफलमा बोलाउने सम्बन्धमा। |
| ११. | योजना तथा कार्यक्रममा बजेट बिनियोजन सम्बन्धमा |
| १२. | नमुना विद्यालय बिकास कार्यक्रम अन्तर्गत शैक्षिक तर्फको गुरुयोजना संसोधन सम्बन्धमा। |
| १३. | वडा नं. ४ कार्यालय भवन निर्माण, ठेक्का नं. BRM/NCB/WORKS/ 11/2081/082 को सम्बन्धमा। |
| १४. | प्रदेश समपूरक तथा विशेष अनुदानका आयोजना माग सम्बन्धमा। |

**बन्दिपुर गाउँपालिका**

**कार्यपालिका बैठकका निर्णयहरु:-**

**मिति:-२०८२/११/१४**

| नि.न. | विषय क्षेत्र/एजेण्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा। | अघिल्लो बैठकको निर्णय उपर छलफल गरि कार्यान्वयनको अवस्थाको समीक्षा गरियो। |
| २. | शिघ्र स्वास्थ्यलाभको कामना। | बन्दिपुर गाउँपालिका उपाध्यक्ष श्री पन्चमाया गुरुङ केहि समय अगाडी देखि बिरामी भैइ काठमाण्डौमा उपाचार गराई हाल घर मै उपचार एवं आराम गरिराख्नु भएकोले उहाँको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो। |
| ३. | सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य हुनुपूर्व धर्म यस् -काश्यप जे.भी.,कलंकी-१४, काठमाण्डौलाइ छलफलमा बोलाउने सम्बन्धमा। | गाउँपालिकाको १८ औं गाउँसभा मिति २०८२/०९/१८ र २८ को निर्णय अनुसार सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य हुनुपूर्व गाउँ सभामा निर्णय भए अनुरुपको आवश्यक विषयमा छलफल एवंम् नियमानुसारको प्रक्रियामा दुवै पक्षबीच सहमति हुँन आवश्यक देखिएको हुँदा सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य हुनुपूर्व धर्म यस् -काश्यप जे.भी.,कलंकी-१४, काठमाण्डौ निर्माण कम्पनीको आधिकारिक प्रतिनिधिलाई आगामी कार्यपालिकाको बैठकको मिति तय भए पश्चात कम्तिमा ३ (तिन) दिन अगावै कार्यपालिकाको बैठकमा उपस्थित हुनको लागि पत्राचार गर्ने निर्णय भएकोमा आजको (मिति २०८२/११/१४ ) को कार्यपालिकाको बैठक विशेष बैठकको रुपमा तुरुन्तै बस्नु परेकोले निज निर्माण कम्पनीलाइ बैठकको मिति तय भए पश्चात कम्तिमा ३ (तिन) दिन अगावै खबर गर्न सम्भब नभएकोले अब उप्रान्त सम्भब भए सम्म आगामी कार्यपालिकाको बैठकको मिति तय भए पश्चात कम्तिमा ३ (तिन) दिन अगावै कार्यपालिकाको बैठकमा उपस्थित हुनको लागि पत्राचार गर्ने निर्णय |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष



CamScanner

| | | |
|---|---|---|
| | | गरियो। |
| ४. | सार्वजनिक बिदा सम्बन्धमा। | मिति २०८२/११/१५ गते ४४ औ नेपाल मगर दिवसको अबसरमा गाउँपालिका, गाउँपालिका अन्तर्गतका वडा कार्यालय एवं मातहतका कार्यालयहरुमा १ (एक) दिन सार्बजनिक बिदा दिने निर्णय गरियो। |
| ५. | बन्दिपुर गाउँपालिकाको कार्यविधि , निर्देशिका सम्बन्धमा। | तपशिल बमोजिमका बन्दिपुर गाउँपालिकाको कार्यविधि, निर्देशिका जारी गर्ने निर्णय गरियो।<br>१.) बन्दिपुर गाउँपालिका स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नबिकरण सम्बन्धि निर्देशिका, २०८२<br>२.) बन्दिपुर गाउँपालिका अस्पताल, स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधि,२०८२<br>३.) कृतिम गर्भाधानबाट जन्मेका बाच्छी, पाडी हुर्काउने कृषकको लागि अनुदान कार्यक्रम संचालन कार्यविधि,२०८२<br>५.) "कफी खेती प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"<br>६.) बन्दिपुर गाउँपालिका, उर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधी, २०८२ जारी गर्ने निर्णय गरियो। साथै निम्नानुसार ५ सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरियो।<br>संयोजक:- श्री बल बहादुर गुरुङ (वडा अध्यक्ष -६)<br>सदस्य:- श्री जीवन भुजेल (बन्दीपुर-५ )<br>सदस्य:- श्री बुद्धी कुमार श्रेष्ठ (उद्योग वाणिज्य संघ)<br>सदस्य :-श्री हरि माया वि.क. (बन्दीपुर-३)<br>सदस्य-सचिव:- श्री शरण सिँह गुरुङ (श्रम तथा रोजगार शाखा) |
| ६. | आ.ब.२०८२/८३ मा तरकारी बारी र मकै बालीको आवेदक छनौट सम्बन्धमा। | तपशिल बमोजिमका तरकारी बारी र मकै बालीको आवेदक छनौट गर्ने निर्णय गरियो।<br>१.) आ.ब.२०८२/८३ मा तरकारी बालीको नयाँ पकेट विकास कार्यक्रम संचालनका लागि हिमशिखर बहुद्देशीय कृषि सहकारी सँस्था, बन्दिपुर गा.पा. वडा नं. ३ लाइ छनौट गर्ने निर्णय गरियो।<br>२.) मध्य पहाडी मकै बाली प्रबर्द्धन कार्यक्रम संचालनका लागि<br>(क) सुकौरा कृषि सहकारी सँस्था लि. बन्दिपुर गा.पा. वडा नं. ३ लाइ छनौट गर्ने निर्णय गरियो।<br>(ख) जन कृषि सहकारी सँस्था लि. बन्दिपुर गा.पा. वडा नं. १ लाइ छनौट गर्ने निर्णय गरियो। |
| ७. | योजना तथा कार्यक्रममा बजेट बिनियोजन तथा आर्थिक सहायता सम्वन्धमा। | १.)"सडक मर्मत शिर्षक" बाट मडि भन्ज्याङ - मोहोरिया मोटर मार्ग स्तरोन्नतीको लागि ५०,०००/- पचास हजार बिनियोजन गर्ने निर्णय गरियो।<br>२.)"सडक मर्मत शिर्षक " वाट झारगाउँमा नाली निर्माण को लागि |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दीपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ

| | | |
|---|---|---|
| | | ३,३०,००० तीनलाख तीसहजार बिनियोजन गर्ने निर्णय गरियो।<br>३.)" सडक मर्मत शिर्षख " वाट वन्दीपुर-६ तगारे साम्दी मोटर मार्ग स्तरोन्नतीको लागि १००,०००/- एकलाख बिनियोजन गर्ने निर्णय गरियो।<br>४.) "बन्दीपुर आवास कार्यक्रम" अन्तर्गत वन्दीपुर गा.पा वडा नं. २ आरथुम्कामा वुद्ध मान भुजेल र दमन्ती भुजेलको घर निर्माण २/२ लाख र श्री लाल भुजेलको घर मर्मतमा ५० पचास हजार बिनियोजन गर्ने निर्णय गरियो।<br>५.) पाइप खरिद शिर्षक वाट वन्दीपुर-२ आरथुम्का ६ घरको खानेपानी वितरणको लागि पौने इन्चीको पाइप २५० मी खरिद गर्ने निर्णय गरिन्छ।<br>६.) वन्दीपुर-३, पङ्के पंधेरा खानेपानी वितरणको लागि ३२ MM को पाइप ३५० मी खरिद गर्ने (पाइप खरीद शिर्षक वाट)<br>७.) वन्दीपुर-५ कुमालटारीमा खानेपानी वितरणको पाइपप जिर्ण भएकोले १०० मीटर पाइप १ इन्चको खरिद गर्ने निर्णय गरीन्छ।<br>८.) वन्दीपुर ३ सिमपाखा खानेपानी पाइप जिर्ण भएकोले पौने इन्चको पाइप ३०० मी पाइप शिर्षक वाट खरीद गर्ने निर्णय गरीयो।<br>९.) वन्दीपुर-३ मन कुमारी वि.क लगायत ५ घरहरुको लागि खानेपानी पाइप खरीद १/२ इन्चको २०० मी. पाइप शिर्षक वाट गर्ने निर्णय गरीन्छ।<br>१०.) वन्दीपुर गाउँपालिका वडा नं. ६ ज्यामीरेस्वांरामा रहेको शिद्ध यूवा क्लवले आयोजना गरेको भलिवल प्रतियोगिताको लाग अध्यक्ष कप फुटवल, भलिवल, व्याडमिन्टन शिर्षकवाट शिर्षक वाट रु ६०,०००/- प्रदान गर्ने निर्णय गरीन्छ।<br>११.) वन्दीपुर गा.पा वडा नं. ३ सुकौरा गोठ र पराल टौवा जलेको २०/२० बिस हजाको दरले आर्थीक सहयोग गर्ने निर्णय गरियो।<br>१२.) आई नेपाल यू के वाट बन्दीपुर गाउँपालिका वडा नं. ३ को २ कोठे कक्षा कोठा निर्माण र अन्य विद्यालयहरुको मर्मत र अन्य शैक्षिक कार्यक्रम सम्पन्न गरे वापत मायाँको चिनो प्रमाण पत्र प्रदान गर्दाको खर्च रु ६,८००/- अध्यक्ष कप फुटवल, भलिवल, व्याडमिन्टन शिर्षकवाट खर्च गर्ने निर्णय गरियो।<br>१३.) वन्दीपुर गा.पा वडा नं. ३ रामकोट स्थित चन्द्र बहादुर थापाको घुमाउने घर मर्मतको लागि "बन्दीपुर आवास कार्यक्रम" बाट रु ५०००० पचास हजार बिनियोजन गर्ने निर्णय गरियो।<br>१४.) वन्दीपुर गा.पा वडा नं. १ स्थित भुडाटार नजिक रहेको डम्पिङ साइड भरिएको र उक्त क्षेत्रमा बातावरण प्रदुषण एवं सर्बसाधारण नागरिकलाइ असर गरेको हुदा सो डम्पिङ साइडको फोहोर हटाउन आबश्यक मेशिन उपकरण तथा ज्यालामा मानिस लगाई सफा गर्नको लागि रु.५००००/- |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| | | पचास हजार बिनियोजन गर्ने निर्णय गरियो। |
| ८. | नमुना विद्यालय बिकास कार्यक्रम अन्तर्गत शैक्षिक तर्फको गुरुयोजना संसोधन सम्बन्धमा। | बन्दीपुर गाउँपालिका अन्तर्गत वडा नं.१ मा संचालित श्री पवित्रा माध्यमिक विद्यालय नमुना विद्यालय विकास एवम् संचालन निर्देशिका २०७४ (संसोधन सहित) को व्यवस्था अनुसार शिक्षा मन्त्रालयको मिति २०७७/३/३१ गतेको निर्णय अनुसार नमुना विद्यालय कार्यक्रममा छनोट भइ नमुना कार्यक्रम संचालन भएको छ।<br>उक्त विद्यालयबाट निर्माण भएको शैक्षिक तथा भौतिक गुरुयोजना(२०७८-२०८२) यस गाउँपालिकाबाट स्वीकृत भइ कार्यान्वयन भएकोमा त्यस विद्यालयले मिति २०८२/०९/२५ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय तथा विद्यालयको च.नं.६५ मिति २०८२/१०/०८ गतेको पत्रअनुसार यस आर्थिक वर्ष २०८२/८३ को शैक्षिक तर्फको जम्मा बजेट रु.१० लाख कार्यान्वयनको लागि गुरुयोजना संसोधन सहित तपसिल अनुसारको कार्यक्रम संचालनको लागि सिफारिस भइ आएकोले सोहि अनुसार विद्यालय व्यवस्थापन समितिको निर्णयलाई स्वीकृत गर्ने निर्णय गरियो।<br>१.ECD बालकक्षा व्यवस्थापन -३,०००००<br>२.ICT multi PDA system जडान -३,०००००<br>३.HM lab व्यवस्थापन -२,०००००<br>४.विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम संचालन -४०,०००<br>५.नृत्य प्रशिक्षण कार्यक्रम संचालन -२५,०००<br>६.हस्तलेखन कार्यशाला संचालन -२०,०००<br>७.शैक्षिक सामग्री निर्माण कार्यशाला-७५,०००<br>८.विद्यार्थी मोटिभेसनल कार्यक्रम -४०,००० |
| ९. | वडा नं. ४ कार्यालय भवन निर्माण, ठेक्का नं. BRM/NCB/WORKS/ 11/2081/082 को सम्बन्धमा। | मिति २०८१/१०/२७ गते लामा ब्रदर्श कन्स्ट्रक्शन प्रा.लि., काठमाडौं र यस गाउँपालिका बीच सम्झौता भई निर्माणको अन्तिम चरणमा रहेको ४ नं. वडा कार्यालय भवन निर्माण, ठेक्का नं. BRM/NCB/WORKS/ 11/2081/082 को जिल्ला समन्वय समिति तनहुँ र यस गाउँपालिका बीच मिति २०८२/०१/०३ मा भएको सम्झौता बमोजिमको प्रथम किस्ता वापतको रकम आवश्यक कागजात सहीत जिल्ला समन्वय समिति तनहुँमा माग गर्ने निर्णय गरियो। |
| १०. | प्रदेश समपूरक तथा विशेष अनुदानका आयोजना माग सम्बन्धमा। | प्रदेश विशेष तथा समपुरक अनुदान अन्तर्गत आर्थिक वर्ष २०८३/८४ वा आर्थिक वर्ष २०८३/८४ लगायत अन्य आ.व. मा संचालन गर्ने गरि तपशिल बमोजिमको प्राथमिकताका आधारमा आयोजनाहरूलाई गण्डकी प्रदेश सरकार समक्ष प्रस्ताव माग गर्ने निर्णय गरियो।<br>१.) समपुरक अनुदान तर्फ (पहिलो प्रथामिकरण) |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत



सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | (१) धारापानी-कुवार्दी-कुकुर्दी-सुकौरा मोटर मार्गको कुकुर्दी-कुवादी सडक खण्ड स्तोरुन्नती तथा कालोपत्रे, बन्दीपुर-२,तनहुँ<br>२.) विशेष अनुदान तर्फ (पहिलो प्रथामिकरण)<br>(१) ग्याजाटार-बाग्थल-सराङ्ग एवंम् हल्थुम्का खानेपानी योजना, बन्दीपुर-२ र ६, तनहुँ। |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष